# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६


पत्र संख्या : २०७७/०७८

मिति :- २०७७/०५/१८

चलानी नम्बर :-

## मदिराको कारोवार गर्न इच्छुक व्यक्तिहरुले अनुमतिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७७।०५।१८ गते)

नगरपालिकाले तोकेको स्थलमा मदिरा व्यवसाय गर्न इच्छुक प्रचलित कानुन बमोजिमको निकायबाट मदिरा व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त व्यक्तिहरुले मदिराको विक्री वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था, अमनचयन खल्वलिन नदिने, घरेलु हिंसा, लैङ्गिक हिंसा लगायतका हिंसाजन्य गतिविधि हुन नदिने एवम् समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने एवम् तपसिलमा उल्लेखित शर्तहरुको पूर्ण कार्यान्वयन हुने सुनिश्चितासहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ को दफा १६ एवम् नगर कार्यपालिकाको मिति २०७७/०५/०५ गतेको निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

### तपसिल

(क) मदिराको विक्रि वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि अनुमति लिएको हो सो बमोजिम बेलुका ५:०० बजेदेखि बेलुका ७:०० बजेसम्ममात्र मदिरको कारोवार गर्नु पर्नेछ । सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजेदेखि बेलुका ७:०० बजेसम्ममात्र मदिराको कारोवार गर्न पाइनेछ ।

(ख)एक्काइस वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन् । एक्काइस वर्ष उमेर नपुगेको व्यक्तिले मदिराको कारोवार गर्न पाउने छैन् ।

(ग) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

(घ) इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्त:शुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ । अन्त:शुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ ।

(ङ) नगरपालिकाभित्र मदिराजन्य पदार्थ आयात गर्दा नगरपालिकाले तोकेको स्थानमा कानून बमोजिमको स्वास्थ्य सेवा शुल्क वापतको रकम दाखिला गर्नु पर्नेछ ।

राम बहादुर ... 
प्र. प्रमुख प्रशासकीय अधिकृत

(च) जड्याह कार्ड प्राप्त व्यक्तिहरुले साँझ ५:०० बजेदेखि ७:०० बजेसम्म दुई घण्टामात्र नगरपालिकाले तोकेको स्थान र परिमाणमा मदिरा सेवन गर्न पाउने छन् ।

(छ) मदिरा विक्री वितरण गर्ने व्यक्तिले मदिरा किन्ने व्यक्तिहरुको तीन पुस्ते विवरण बनाई दैनिक रुपमा सार्वजनिक गर्नुपर्नेछ । नगरपालिकाबाट खटाईएको टोलीले उक्त विवरण हेर्न खोजेमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ज) इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिहरुले मदिरा उत्पादन, विक्री वितरण गरेको पाईएमा वा मापदण्ड विपरितका पसल, होटेल, नास्ता पसलहरुमा मदिरा विक्री वितरण गरेको पाईएमा वा लाइसेन्स लिएर मदिराजन्य पदार्थ उत्पादन, विक्री वितरण गर्ने व्यक्तिहरुले मदिरा किन्ने व्यक्तिहरुको तीनपुस्ते विवरण नराखेमा वा शर्तहरुको पालना नगरेमा तोकिए बमोजिम जरिवाना हुनेछ ।

(झ) मदिराजन्य पदार्थ उत्पादन, विक्री वितरण र सेवन गर्ने तथा गराउने व्यक्तिले मदिराजन्य पदार्थ विक्री वितरण गर्दा मदिराजन्य पदार्थको विक्री वितरण गर्ने र सेवन गर्ने तथा गराउने इजाजत प्राप्त व्यक्तिहरुलाई मात्र विक्री वितरण र सेवन गर्नु तथा गराउनु पर्नेछ ।

(ञ) मदिराजन्य पदार्थ विक्री वितरण र सेवन गर्ने तथा गराउने इजाजत प्राप्त व्यक्तिले अर्को कुनै व्यक्तिलाई मदिराजन्य पदार्थ सेवन गराई सेवन गर्ने व्यक्तिले सार्वजनिक शान्ति सुव्यवस्था, अमनचयनमा वाधा पुऱ्याएमा वा अनुशासनहिन अमर्यादित कार्य गरेमा वा कुनै हिंसाजन्य क्रियाकलापमा संलग्न रहेको पाईएमा वा यस्तै विकृति र विसङ्गतिजन्य कार्यहरु गरेको पाईएमा उक्त मदिराजन्य पदार्थ विक्री वितरण र सेवन गर्ने तथा गराउने व्यक्तिलाई समेत छानविन गरी दोषि पाईएमा दण्डित गरिनेछ ।

(ट) सार्वजनिक स्थल (राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, उद्योग तथा कल कारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह, रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस, डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट, धर्मशाला तथा धार्मिक स्थल, सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर) को ५००

मिटरभन्दा वाहिर नगरपालिकाले तोकेको देहायको स्थलमा मदिराको कारोवार गर्न इच्छुक मदिरा व्यवसायिले सम्बन्धित स्थानमा रहेका सर्वसाधारण जनता, सम्बन्धित वडा कार्यालय, सार्वजनिक एवम् सरकारी कार्यालयहरुको अनुमति लिई आवेदनसाथ पेश गरेको हुनु पर्नेछ ।

१. वडा नं. १, २ र ३ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
२. वडा नं. ४, ५, ६, ७ र ८ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
३. वडा नं. १२, ९, १४ र ६ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
४. वडा नं. १०, ११, १३ र १४ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको ५०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।

(ठ) मदिराको कारोवार गरेको कारण सम्बन्धित स्थलका सर्वसाधारण जनता, महिला र बालबालिकाहरुमा कुनै पनि असर नपर्ने र असर परेमा सोको सम्पूर्ण जिम्मेवारी स्वयम् व्यवसायिले लिई सोको क्षतिपूर्ति समेत व्यहोर्ने ग्यारेन्टी हुनुपर्नेछ।

(ड) अनुमति, दर्ता तथा नवीकरणको लागि देहाय बमोजिमको न्यूनतम शुल्क र स्वास्थ्य सेवा शुल्क तिर्नु पर्नेछ। न्यूनतम शूल्कभन्दा बढि शूल्क बुझाउन सक्ने व्यक्तिलाई अनुमतिको लागि प्राथमिकता दिईनेछ ।

| क्र.स. | करको विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | अनुमति शुल्क, कारोवार दर्ता तथा नवीकरण शुल्क (मदिरा तथा मदिराजन्य पदार्थको हकमा) | वार्षिक न्यूनतम रु १,००,०००/- | |
| २ | स्वास्थ्य सेवा शुल्क | | |
| | मदिरा वियर प्रति कार्टोन | रु ५०/- | |
| | मदिरा अन्य प्रति कार्टोन | रु १००/- | |

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

(ढ) शर्तहरु पालना नगरेको देखिएमा पुनः मदिराजन्य पदार्थको कारोवार गर्न नपाउने गरी जुनसुकै बेला अनुमति रद्द गरिनेछ ।

(ण) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरुले सो वाहेक सोही ठाउँमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैनन् । जुन स्थानमा व्यवसाय गर्ने हो सोही स्थानमा मात्र व्यवसाय गर्नुपर्नेछ । स्थान परिवर्तन गर्नु परेमा सुरुदेखि नै अनुमतिको लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी सोको पूर्व सहमति नगरपालिकाबाट लिनु पर्नेछ ।

(त) मदिरा कारोवार गर्न स्वीकृति लिएका होटेलहरुमा खान बास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेण्ट अलगै हुनु पर्नेछ ।

(थ) मदिरा कारोवार गर्न अनुमति लिएका व्यवसायिहरुले मदिरा वाहेकको अन्य व्यवसाय गर्न पाउने छैनन् ।

(द) मदिरा विक्री वितरण गर्ने अनुमति प्राप्त व्यवसायिले पसल बाहिर टाढैबाट देखिने गरी बोर्ड राख्नु पर्नेछ । कानून बमोजिम सरकारी निकायहरुबाट लिएको ईजाजतपत्रहरु सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ध) कानूनले बन्देज गरेका घरेलु मदिरा विक्री वितरण, ओसारपसार आदि गर्न पाइने छैन् ।

(न) मदिरा व्यवसायिहरुले आफ्नो पसलबाट निस्कने कुनै पनि प्रकारका फोहर सार्वजनिक स्थलमा फाल्न पाइने छैन् ।

(ऩ) मानव स्वास्थ्यप्रति चेतना जगाउने सूचना तथा होडिङ्ग वोर्ड वाहेक मदिराको प्रचारप्रसार, माइकिङ्ग, विज्ञापन तथा होर्डिङ वोर्ड राख्न पाइने छैन् ।

(प) मदिरा व्यवसायिहरुले **'मदिरा स्वास्थ्यका लागि हानिकारक छ'** भन्ने नारा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(फ) मदिराको कारण पीडित व्यक्तिहरुले नगरपालिकामा मौखिक वा लिखित उजुरी दिएमा पीडितहरुलाई प्राथमिकतामा राखि सुनुवाई गरिनेछ।

(ब) विक्री केन्द्रबाट मदिराको प्याकिङ खोलेर विक्री वितरण गर्न पाइने छैन् ।

(भ) नगरपालिकाबाट माथि उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्ने गरी अनुमति लिए बाहेकका व्यक्तिहरुले मदिराको कारोवार गरेको पाईएमा वा शर्तहरुको पालना नगरिएमा वा निर्देशिकामा उल्लेखित अन्य प्रावधानहरुको उल्लङ्घन भएमा लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ को दफा २१ बमोजिम सजाय हुनेछ ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


(म) अनुमतिको लागि नगरपालिकामा पेश गर्ने आवेदनको ढाँचा नगरपालिकाको आधिकारिक वेवसाईट www.chaurjaharimun.gov.np मा राखिएको छ । उक्त ढाँचा वेवसाइटबाट डाउनलोड गरी वा नगरपालिका कार्यालयबाट प्राप्त गरी आवश्यक विवरण भरी माथि शर्तको बुँदा नं. (ड) मा उल्लेख भए बमोजिम न्यूनतम रु १,००,०००/- (एक लाख मात्र) नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा रहेको धरौटी खाता नं. ४३३०१००३०३००००२ मा जम्मा गरेको भौचर र माथि उल्लेख भए अनुसारका आवश्यक कागजातहरु संलग्न राखि बुझाउन सकिनेछ ।

(य) प्राप्त आवेदन उपर नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिमा छानविन हुनेछ । छानविंनको क्रममा तोकिएका सम्पूर्ण शर्तहरु पालना हुने सुनिश्चितताको आधारमा मात्र अनुमति दिने/नदिने निर्णय गरिनेछ । अनुमति नदिने निर्णय भएमा माथि बुँदा नं. (म) मा उल्लेख भए अनुसारको धरौटी खातामा जम्मा गरिएको रकम फिर्ता हुनेछ ।

(र) थप जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा फोन नं. ०८८४०११४६ मा फोन गरी बुझ्न सकिनेछ ।

..........................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत